नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदको लागि आवेदन माग गरिएको
सूचना

(प्रकाशित मिति २०८१/०८/०३)

सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकोले देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ को दफा १९ बमोजिम देहायको योग्यता पुगेको व्यक्ति कार्यकारी निर्देशक पदमा उम्मेदवार हुन सक्नेछः-

(क) कम्तीमा तीस वर्ष उमेर पूरा भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, मेकानिकल इन्जिनियरिङ्ग, सूचना प्रविधि वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको।

(ग) व्यवस्थापकीय तहमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको, ("व्यवस्थापकीय तह" भन्नाले सरकारी सेवामा सहसचिव वा सो सरह वा सो भन्दा माथि वा सार्वजनिक संगठित संस्था वा निकायमा दशौं तह वा सो भन्दा माथि वा कानून बमोजिम दर्ता भएको कम्पनी/संस्थामा कार्यकारी निर्देशक वा प्रबन्ध निर्देशक वा सो भन्दा माथिको कार्यकारी पदमा रही काम गरेको अनुभवलाई जनाउनेछ।)

(घ) भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(च) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता नलिएको।

(छ) प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

२. योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजातहरू संलग्न गरी सिफारिस समितिमा दरखास्त पेश गर्नुपर्नेछः-

(क) नियुक्ति हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,

(ख) योग्यता तथा अनुभव समेत खुल्ने व्यक्तिगत विवरण,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षताको प्रमाणपत्र समेत),

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (सेवा अवधि खुल्ने गरी),

(च) नेपाली भाषामा A4 Size कागजमा तयार गरिएको कम्तिमा ३००० देखि बढीमा ५००० शब्दको सिलबन्दी व्यावसायिक कार्ययोजना (कम्प्युटर टाइप गरिएको, पहिलो पृष्ठ (Cover Page) को सबैभन्दा माथि आफ्नो नाम लेखिएको, अन्य पृष्ठको पश्च भागमा आवेदकले दस्तखत गरेको, अन्य अग्र पृष्ठमा कहींकतै पनि नाम वा आफूलाई चिनाउने कुनै सङ्केत नभएको साथै दरखास्तसाथ व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण समेत छुट्टै खाममा सिलवन्दी गरी दरखास्तसाथ पेश गर्नु पर्नेछ),

(छ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको/नभएको लगायतको विषयको स्व:घोषणा,

(ज) पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि।

३. दरखास्त साथ पेश गरिएका नागरिकता, शैक्षिक योग्यता र कार्य अनुभवको प्रमाणपत्रको हकमा आवेदकबाट प्रमाणित भएको हुनुपर्नेछ।

४. दरखास्त **पेश गर्ने अन्तिम म्यादः** यो सूचना प्रकाशित भएको मितिले दशौं दिन भित्र। सो दिनमा सार्वजनिक बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन।

५. दरखास्त **बुझाउने स्थानः** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरवार।

६. उम्मेदवारले पेश गरेको व्यावसायिक कार्ययोजना, सो को प्रस्तुतीकरण र अन्तरवार्ताको मूल्याङ्कनका आधारमा नियुक्तिको लागि सिफारिस गरिनेछ ।

७. रीत नपुगी आएको र समयभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही गरिनेछैन।

८. दरखास्त साथ उम्मेदवारले स्व:घोषणा समेत पेश गर्नुपर्नेछ। स्व:घोषणाको ढाँचा तथा स्वीकृत कार्यविधि मन्त्रालयको वेबसाइट www.mocit.gov.np बाट प्राप्त गर्न सकिने।

# स्वघोषणापत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. नाम, थर (नेपालीमा):

**Name (In English) :**

२. जन्म मितिः वि.सं.: इ.सं.:

३. स्थायी ठेगानाः

अस्थायी ठेगानाः

४. नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं..

जारी मिति र जिल्लाः

५. सम्पर्क नं.:

६. इमेलः

७. शैक्षिक योग्यताः

८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

११. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको-

दस्तखतः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

मितिः

स्वघोषणा गराउने अधिकृतको-

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः